# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

३ नं. प्रदेश, नेपाल

पत्र संख्या : 0७६/०७७

चलानी नं. : ४९८

मितिः २०७६/०६/१३

श्री वडा नं १, ६, ७, ८ र ९ वडा कार्यालय,
भीमेश्वर नगरपालिका ।

विषय : जानकारी सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा आ.व. २०७६/०७७ मा किवीको विरुवा वितरण गरीने कार्यक्रममा ३ नं प्रदेश कृषि विकास निर्देशनालयको जानकारी अनुसार यस कार्यालयलाई तपसिल बमोजीमको विरुवा संख्या उपलव्ध हुने भएकोले आ- आफ्नो वडामा यस नगरबाट विनियोजन गराएको बजेटबाट सम्वोधन हुनेगरी व्यवसायिक किवी खेती गर्ने कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यको आवश्यक व्यवस्था मिलाउनु हुन जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | वडा नं | विरुवा संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ८०० | आफ्नो विरुवा संख्या बमोजीम कृषकहरुलाई सिफारीस गरी कार्यालयमा पठाउनु हुन |
| २ | ६ | १२०० | |
| ३ | ७ | ६०० | |
| ४ | ८ | १२०० | |
| ५ | ९ | ६०० | |

(मान बहादुर खड्का)
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
३ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :- ४०१

मिति :-२०७६/०६/१३

## सहकारी/साना सिंचाई र भकारोसुधार कार्यक्रमको प्रस्ताव पेश गर्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०६ /१३)

प्रस्तुत विषयमा यस नगरपालिकामा आ.ब.२०७६/०७७ का लागि प्राप्त शसर्त अनुदान अन्तर्गत सहकारी सिंचाई/साना सिंचाई मर्मत सम्भार तथा निर्माण र भकारो सुधार कार्यक्रम सञ्चालन हुने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही ईच्छुक कृषि तथा पशुपालन फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थाहरुले यो सुचना प्रकासन भएको मितिले ३० औं दिन (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) कार्यालय समय भित्र प्रस्ताव पेश गर्नु हुन सम्वन्धीत सबैका लागि सूचना प्रकाशन/ प्रसारण गरिएको छ ।

तपसिल :

१) सहकारी सिंचाई,साना सिचाई मर्मत सम्भार तथा निमार्ण (नयाँ/मर्मत) कार्यक्रम

आवश्यक कागजातहरु :

- निबेदन फाराम -कार्यालयबाट उपलब्ध हुने
- माग गर्ने कृषक सभूह/कृषि सहकारीको बैठक निर्णय प्रतिलिपि
- नबिकरण गरेको संस्थाको प्रमाण पत्रको प्रतिलिपि
- सहकारी भए अघिल्लो आ.ब.को लेखा परिक्षणको प्रतिबेदन र कर चुक्ता प्रमाण पत्र
- कम्तीमा ५० रोपनी जग्गाको लालपुर्जाको प्रतिलिपि
- आधिकारिक व्यक्ति तोकिएको संस्थाको पत्र
- पानीको मुहानको मन्जुरीनामा/सार्बजनिक भए वडा स्तरिय कृषि समितिको प्रमाणित पत्र
- सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र
- रु १००। को राजस्व तिरेको भौचर ।

२) भकारो सुधार कार्यक्रम

आवश्यक कागजातहरु :

- निबेदन
- संस्थागत भए माग गर्ने कृषक समूह/कृषि सहकारीको बैठक निर्णयन प्रतिलिपि
- नबिकरण गरेको संस्थाको प्रमाण पत्रको प्रतिलिपि
- फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
- सहकारी भए अघिल्लो आ.ब.को लेखा परिक्षणको प्रतिबेदन र कर चुक्ता प्रमाण पत्र
- कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाले भकारो सुधार कार्यक्रम कार्यन्वयन गर्न कम्तीमा प्रति कृषक ३ वटा पशुबस्तु भएका किसान छनौट गर्ने प्रतिवद्धता पत्र
- सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र

*१) वडा कार्यालयहरु सबै :- सुचना टाँस गरी कृषकहरुलाई जानकारी गराउनु हुन ।*
*२) रेडियो शैलुङ, चरिकोट, दोलखा :- सुचना प्रसारण गरी दिनु हुन ।*
*३) कालिन्चोक सामुदायिक एफ. एम. चरिकोट, दोलखा :- सुचना प्रसारण गरी दिनु हुन*
*४) हाम्रो रेडियो चरिकोट, दोलखा :- सुचना प्रसारण गरी दिनु हुन*
*५) भीमेश्वर एफ.एम.चरिकोट, दोलखा :- सुचना प्रसारण गरी दिनु हुन ।*

(मानबहादुर खड्का)
प्रमुख प्रशासकीय अधिकृत